# चलचित्र पत्रकार संघ, नेपाल

विधान-२०५६ (संसोधित-२०७३)
(Film Journalist Association, Nepal)

**प्रस्तावना :**
स्वतन्त्र पत्रकारिताको सर्वमान्य सिदान्त र मान्यतालाई स्वीकार गर्दै नेपालभर क्रियाशिल रहेका चलचित्र पत्रकारहरुलाई एकशुत्रमा आवद्ध गरेर पेशागत हक, हितमा एकतावद्ध हुने र पेशागत हक, हित संरक्षण गर्ने, प्रचलित ऐन, नियम र आचार संहिताको पालना गरेर समयानकूल परिवर्तन र परिमार्जन, प्रविधीमैत्री वातावरणको निर्माण गर्दै सत्य, तथ्य समाचार र विश्लेषण प्रकाशन, प्रशारण गर्न गराउन समन्वय र कार्यन्वयनका लागि नेतृत्व दायी भुमिका निर्वाह गर्नका लागि स्थानीय अधिकारीको स्वीकृती लिई संस्था दर्ता ऐन ०३४ अन्तर्गत चलचित्र पत्रकार संघ, नेपाल (Film Journalist Association, Nepal) स्थापना गर्दै यो विधान जारी गएिको छ ।

## परिच्छेद–१

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस विधानको नाम **चलचित्र पत्रकार संघ, नेपाल (Film Journalist Association, Nepal)** को विधान रहेको छ ।

ख) यो विधानको संसोधन स्वीकृत भए पछिबाट प्रवाहित हुनेछ ।

ग) यो विधान नेपाल पत्रकार महासंघ, चलचित्रसंग सम्बन्धित संघ, संस्था र आम सरोकारवालाहरुमा प्रवाहित रहनेछ ।

### २. परिभाषा

क) चलचित्र पत्रकार भन्नाले चलचित्र विधाको हरेक क्षेत्र विशेषतः कला, प्रविधी, अभिनय, गीत-संगीत, रंगमञ्च र सम्पूर्ण रंग पत्रकारिता क्षेत्रमा कार्यरत आम संचारका सम्पूर्ण माध्यममा पत्रकारिता गरिरहेका क्रियाशिल पत्रकार भन्ने बुझ्नु पर्दछ ।

ख) संघ भन्नाले चलचित्र पत्रकार संघ, नेपाललाई जनाउँछ । अंग्रेजीमा यसलाई (Film Journalist Association, Nepal) भनिनेछ ।

ग) विधान भन्नाले  चलचित्र पत्रकार संघ, नेपाल (Film Journalist Association, Nepal) को संसोधित विधानलाई सम्झनुपर्दछ ।

घ) तोकिए वा तोकिएको बमोजिम भन्नाले यस विधान वा यस विधान अर्न्गत बनेका नियमहरु तोकिए वा तोकिएको बमोजिम हुनेछ ।

ङ) नियम र विनियम भन्नाले संसोधित विधानको नियम र विनियमलाई जनाउँछ

च) केन्द्रिय कार्यकारिणी समिती भन्नाले संसोधित विधान बमोजिम गठित संघको केन्द्रिय कार्यकारिणी समितिलाई जनाउँदछ ।

छ) जिल्ला शाखा कार्यसमिती भन्नाले संसोधित विधान बमोजिम गठित संघको जिल्ला शाखाको कार्यसमितिलाई जनाउँदछ ।

ज) सदस्य भन्नाले संघको सदस्यता लिने सदस्यहरुलाई सम्झनुपर्दछ ।

झ) साधारण सभाको सदस्य भन्नाले संघको सदस्यता प्राप्त गरेका सदस्यहरु तथा जिल्लाबाट प्रतिनिधीत्व प्राप्त सदस्यहरु  अन्तर्गतको बुझिनेछ । जसलाई पार्षद पनि भन्न सकिनेछ ।

ञ) आर्थिक बर्ष भन्नाले श्रावण १ देखि अषाढ मसान्तसम्मको अवधीलाई लिईनेछ ।
ट) स्थानीय अधिकारी भन्नाले प्रमूख जिल्ला अधिकारी वा नेपाल सरकारले तोकेको स्थानीय अधिकारीलाई सम्झनुपर्नेछ ।

## परिच्छेद–२
## उद्देश्य

**३. संघको उद्देश्यः**

क) चलचित्र पत्रकारहरुलाई एकतावद्ध बनाएर पेशागत हक, हितको संरक्षण गर्ने ।
ख) चलचित्र पत्रकारितालाई मर्यादित बनाउन चलचित्र र पत्रकारिता दुबै क्षेत्रको सर्वमान्य सिद्धान्त र मान्यताको जानकारी गराएर सत्य, तथ्यमा आधारित सिर्जनात्मक चलचित्र पत्रकारिताको विकास र विस्तार गर्ने ।
ग) स्वतन्त्र पत्रकारिताको आदर्श अनुरुप सक्षम चलचित्र पत्रकार र पत्रकारिताको वातावरण सृजना गर्नुको साथै अनुशासित चलचित्र पत्रकार र पत्रकारिताका लागि आचार संहित निर्माण र कार्यन्वयन गर्ने ।
घ) चलचित्र र पत्रकारितासंग सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय समकक्षी संघ, संस्थासंग सम्बन्ध स्थापित गर्ने, सहकार्य गर्ने, साझा हितका विषयमा समन्वय गरेर कार्य गर्ने ।
ङ) चलचित्र पत्रकार र पत्रकारिताको अभिवृद्धिका लागि अध्ययन, भ्रमण, अनुसन्धान, अर्न्तक्रिया सभा, समारोह, सम्मेलन, गोष्ठि, प्रशिक्षण आदिको आयोजना गर्ने ।
च) चलचित्र पत्रकारको कामको प्रशंसा गर्न प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था गर्ने ।
छ) चलचित्र र पत्रकारिता समन्वय गरेर, चलचित्र पत्रकार को पत्रकारिता समेटेर इतिहास, कार्य र विश्लेषण योजना आदि विषयमा प्रकाशन, प्रसारण सामाग्री तयार गर्ने । चलचित्र पत्रकार र पत्रकारिताको इतिहास संकलन र लिखित सुरक्षित राख्ने ।
ज) चलचित्र र पत्रकारिता क्षेत्रमा नीति निर्माण गर्न र कार्यन्वयनका लागि स्थापित संस्थामा संस्थाको उपस्थिती र प्रतिनिधित्वका लागि परिणाममूखी पहल गर्ने ।
झ) उल्लेखित उद्देश्य प्राप्तिका लागि अन्य आवश्यक सहायक समयानुकूल कार्य गर्ने गराउने ।

## परिच्छेद–३
## सदस्यता

**४. सदस्यताको प्रकारः**

संघमा निम्नानुसारका सदस्यहरु हुनेछन् ।

क) साधारण सदस्यः सदस्यता प्राप्त गर्ने कार्यविधि अनुसार प्राप्त गर्न सकिने ।
ख) मानार्थ सदस्यः संघको स्थापना समयमा कार्यसमितिमा रहेका संस्थापकहरु, पूर्व अध्यक्षहरु र चलचित्र पत्रकारितामा विशिष्ट योगदान दिएका चलचित्र पत्रकारहरुलाई कार्य समितिको निर्णय अनुसार मानार्थ सदस्य प्रदान गरिने तर निर्वाचन प्रक्रियामा उम्मेदवारी र मतदान अधिकार प्राप्त नहुने ।
ग) सल्लाहकार सदस्य : कार्यसमतिले निर्णय गरी सल्लाहकार सदस्य राख्न सक्नेछ तर कार्यसमतिको अवधिभर मात्र उक्त सदस्यता कायम रहनेछ ।

**५. सदस्यता शुल्कः**

क) संसोधित विधानको धारा ४(क) बमोजिम साधारण सदस्यका लागि प्रवेश शुल्क, सदस्यता शुल्क, नविकरण शुल्क र अन्य शुल्क कार्य समितिले निर्धारण गरे अनुरुप हुनेछ ।

ख) संसोधित विधानको धारा ४(ख) बमोजिम मानार्थ सदस्यका लागि शुल्क लाग्ने छैन ।

**६. साधारण सदस्यता प्राप्त गर्ने कार्यविधि र योग्यता ।**

क) नेपाली नागरिक हुनुपर्ने ।

ख) कुनै पनि आम संचारको माध्यममा संलग्न भएर कुनै संचार प्रतिष्ठानमा कार्यरत रहेका चलचित्र पत्रकारले आफुले गरेको कम्तीमा ३ वटा कामको सम्बन्धित संचार प्रतिष्ठानको सिरफारिस सहित पेश गर्नु पर्ने । यस्तो काम सदस्यताका लागि आवेदन दिएको सोही आर्थिक बर्ष भित्रको हुनुपर्ने ।

स्वतन्त्र चलचित्र पत्रकारको हकमा आफुले गरेको काम (प्रकाशित, प्रसारित) सहित कम्तीमा दुईजना चलचित्र पत्रकारको सिफारिस पेश गरेको हुनुपर्ने ।

ग) कार्य समितिले तोकेको अवधिमा तोके अनुरुपको आवेदन पेश गरेको हुनुपर्ने ।

घ) कार्य समितिको निर्णय बमोजिम स्वीकृत गरेको हुनुपर्ने ।

**७. साधारणसभाका सदस्यहरुको संख्या हटाउने ।**

**८. सदस्यता खारेजी तथा निलम्बत**

देहायका अवस्थामा संघको सदस्यता स्वत खारेज हुनेछ ।

क) सदस्य संस्थाको दर्ता खारेज भएमा ।

ख) सदस्यता परित्याग गर्न आवेदन दिई केन्द्रिय कार्यकारिणी समितिबाट स्वीकृत भएमा ।

ग) संघको उद्देश्य विपरीत कार्य गरेमा ।

घ) यस विधानको धारा-९ विपरीत कार्य गरेमा ।

ङ) संघलाई बुझाउनुपर्ने शुल्क आदि समयभित्र नबुझाएमा

च) फौजदारी मुद्धा लागेको प्रमाणित भएमा ।

छ) मृत्यु भएमा ।

**९. सदस्यको दायित्व**

क) संघका प्रत्येक सदस्यहरुले संघको सदस्यता प्राप्त गरिसकेपछि संघको विधान, नियम तथा कार्यकारिणी समितिको निर्णय र नीतिहरुको पालना गर्नुपर्नेछ ।

ख) कार्यसमितिले तोकेको अवधिमा नविकरण र आय शुल्क बुझाउनु पर्नेछ ।

ग) संघको कुनै सदस्यले सदस्यता परित्याग गर्न आवेदन दिँदा आफुले बुझाउनुपर्ने रकम बुझाई फर्छ्यौट गरेको हुनुपर्नेछ ।

## परिच्छेद–४
## साधारण सभा, कार्यकारिणी समिति

### १०. साधारण सभाः

क) साधारण सभा संघको सर्वोच्च अंग हुनेछ ।

ख) साधारण सभाको गठन संघको केन्द्रिय कार्यकारिणी समिति, साधारण सदस्यहरुबाट हुनेछ । साधारण सदस्यहरु, नेपाल महासंघको आवद्धता सदस्यको रुपमा रहेको हुनुपर्नेछ ।

ग) साधारण सभा बर्षको एकपटक हुनेछ । यसलाई बार्षिक साधारण सभा भनिनेछ ।

घ) साधारण सभाको लागि आमसंचारका माध्यमबाट कम्तीमा २१ दिनको सुचना जारी गरिनेछ ।

ङ) सभाको अध्यक्षता संघका कार्यकारिणी समतिका अध्यक्षले गर्नेछन् ।

### १०.१ विशेष साधारण सभाः

क) संघको साधारण सभा नभएको समयमा संघको कार्यकारिणी समतिले आवश्यक परेको खण्डमा विशेष साधारण सभा बोलाउन सक्नेछ ।

ख) संघका साधारण सदस्य संख्याको एक तिहाईले लिखित रुपमा अनुरोध गरेको खण्डमा विशेष साधारण सभा बोलाउन सकिनेछ ।

ग) विशेष साधारण सभा बोलाउँदा कम्तीमा ७ दिनको पूर्व सुचना आम संचारमा माध्यमबाट गरिनेछ ।

### १०.२ गणपुरक संख्याः

क) बार्षिक साधारण सभा र विशेष साधारण सभाको लागि गणपुरक संख्या साधारण सभा गठन भए अनुसार सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

ख) बार्षिक साधारण सभा र विशेष साधारण सभामा गणपुरक संख्या नपुगेमा पुनः १५ दिन पछि यस्तो सभा बोलाउने छ । यस्तो सभामा गणपुरक संख्या सदस्य संख्याको एक तिहाई हुनेछ ।

ग) दोश्रो पटक बोलाईएको बार्षिक साधारण सभा र विशेष साधारण सभामा गणपुरक संख्या नपुगेमा अर्को पटक ७ दिनको सुचनामा २५ प्रतिशत सदस्य संखयाको उपस्थितीमा यस्तो सभा संचालन हुनेछ ।

### १०.३ साधारण सभाको निर्णय र लिखितः

क) बार्षिक साधारण सभा र विशेष साधारण सभाको कुनै पनि निर्णय सदस्य संख्याको ५१ प्रतिशतले सदर गरेमा पारित भएको मानिनेछ ।

ख) बार्षिक साधारण सभा र विशेष साधारण सभाको निर्णयमा अध्यक्ष, महासचिव वा सचिव र सभाले तोकेको दुई व्यक्तिले हस्ताक्षर गर्नुपर्दछ । यसैलाई अन्तिम निर्णय र लिखित मानिनेछ ।

### ११. साधारण सभाको महाधिवेशनः

क) संघको कार्यकारिणी समितिको निर्वाचन हुने बार्षिक साधारण सभालाई महाधिवेशन भनिनेछ । यस्तो अधिवेशन हरेक ३ बर्षमा एक पटक हुनेछ ।

### १२. महाधिवेशन र बार्षिक साधारण सभाको सुचनाः

क) केन्द्रिय कार्यकारिणी समतिले साधारण सभा हुने दिन र समय तोकी कम्तिमा २१ दिन अगावै सदस्यहरुलाई सुचना गरिनेछ ।

ख) त्यस्ता सुचना हुलाकबाट वा राष्ट्रिय दैनिक पत्रपत्रिकाबाट जानकारी गराउन सकिनेछ ।

## १३. प्रस्ताव तयार गर्ने तरिकाः

क) साधारण सभामा पेश हुने प्रस्ताव कार्यकारिणी समितिले तयार गरी पेश गर्नुपर्छ ।

ख) कुनै साधारण सदस्यले साधारण सभामा पेश गर्नुपर्ने प्रस्ताव भए १० दिन अगावै संघको कार्यालयमा पुग्ने गरी पठाउनु पर्नेछ ।

ग) साधारण सदस्यहरुले पठाएका प्रस्तावहरु यथाशक्य छानबीन गरी केन्द्रिय कार्यकारिणी समिततिले तयार गरी पेश गर्नु पर्नेछ ।

घ) संघको अभ्यक्षले साधारण सभाको अध्यक्षता गर्नेछन् ।

## १४. केन्द्रिय साधारण सभाको काम, कर्तव्य र अधिकारः

केन्द्रिय साधारण सभामा पेश हुने र छलफल गरी निर्णय गर्नुपर्ने बिषयहरु निम्नअनुसार हुनेछन् ।

क) संघको केन्द्रिय कार्यकारिणीले गरेको कामको मूल्याङ्कन गर्ने ।

ख) केन्द्रिय कार्यकारिणी समितिले पेश गरेको कामको मूल्याङ्कन गर्ने ।

ग) संघको लक्ष्य र उद्देश्य पूर्तिका लागि अन्य आवश्यक विषयमा छलफल गरी पारित गर्ने ।

## १५. केन्द्रिय कार्यकारिणी समितिः

क) केन्द्रिय कार्यकारिणी समितिको गठन निम्नानुसार गरिनेछ ।
अध्यक्ष - १, उपाध्यक्ष - ३ (कार्यक्रम, संगठन, महिला), महासचिव - १, सचिव - २ (खुल्ला, समावेशी), कोषाध्यक्ष - १, सह-कोषाध्यक्ष - १, सदस्य - ८(खुल्ला-६, महिला-१, समावेशी-१)

ख) केन्द्रिय कार्यकारिणी समितिको गठन निर्वाचन प्रक्रियाबाट हुनेछ ।

ग) केन्द्रिय कार्यकारिणी समितिले आवश्यकता परेको ठानेमा निर्वाचित बाहेक थप २ जना सदस्य मनोनित गर्न सक्नेछ । मनोनित सदस्यको हैसियत निर्वाचित सरह हुनेछ ।

घ) केन्द्रिय कार्यकारिणी समितिले आवश्यक ठानेमा सल्लाहकार समिति र अन्य समितिहरु बनाउन सक्नेछ । यस्तो समितिको अवधि कार्यकारिणी समिति रहुञ्जेल वा निश्चित अवधिको हुनेछ ।

ङ) सल्लाहकार समिति गठन गर्दा पूर्व अध्यक्षहरु मध्येबाट कम्तिमा एक, बरिष्ठ पत्रकारहरुबाट एक, निर्वाचनका अध्यक्षका निकटम प्रतिस्पर्धी एक अनिवार्य रुपमा रहनु पर्दछ ।

च) केन्द्रिय कार्यकारिणी समितिको कार्यकाल ३ बर्षको रहनेछ ।

छ) जिल्ला कार्यसमितका अध्यक्ष केन्द्रिय कार्यकारिणी समितिको आमन्त्रित सदस्य हुनेछ । आवश्यक पर्दा यस्तो सदस्य आमन्त्रण गरिनेछ ।

## १५.१ जिल्ला कार्यसमितिः

काठमाडौं उपत्यका भन्दा बाहिर रहेर चलचित्र पत्रकारिता गरिरहेका चलचित्र पत्रकारहरुले संघको विधान बमोजिम जिल्ला कार्यसमिति गठन गर्न सक्नेछन् । केन्द्रिय कार्यकारिणी समितिको निर्देशनमा भौगोलिक क्षेत्र तय गरिनेछ ।

## १५.२ जिल्ला कार्यसमिति गठन प्रक्रियाः

क) स्थानीय चलचित्र पत्रकारहरुले संघको केन्द्रिय कार्यकारिणी समितिमा जिल्ला कार्य समिति गठन गर्ने आवेदन दिएर केन्द्रिय कार्यकारिणी समितिबाट निर्णय भए अनुरुप तदर्थ समिति गठन गर्ने ।

ख) तदर्थ समिति गठन गर्दा संघको प्रतिनिधित्व कम्तिमा उपाध्यक्ष (संगठन) र अन्य केन्द्रिय कार्यकारिणी समितिका तर्फबाट पनि हुन सक्ने छ ।

ग) तदर्थ समिति गठन भएको ३-६ महिनामा जिल्ला कार्य समिति गठन गर्ने ।

घ) जिल्ला कार्य समितिबाट चलचित्र पत्रकार संघको केन्द्रिय निर्वाचनमा मतदान गर्नको लागि दुई प्रतिनिधी जिल्ला कार्यसमितिले तोक्ने छ। त्यस्तो प्रतिनिधि चलचित्र पत्रकार संघको केन्द्रिय समितिबाटै महासंघमा सदस्य भएको हुनुपर्नेछ। र यस्ता सदस्यको केन्द्रिय कार्यकारिणी समितिको चुनावमा मतदान अधिकार रहन्छ तर उम्मेद्‌वारी हुन पाउने छैनन्।

ङ) जिल्ला कार्यसमतिका साधारण सदस्यको योग्यता विधानले तोकेको साधारण सदस्य सरह हुने।

च) केन्द्रिय सधारण सभामा जिल्लाबाट नेपाल पत्रकार महासंघमा संघ मार्फत दर्ता भएका बाहेक कार्यसमिति अध्यक्ष र एक कार्यसमितिले तोकेको व्यक्तिले पर्यवेक्षकको रुपमा सहभागी हुन पाउने छन्।

## १६. केन्द्रिय कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकारः

क) संसोधित विधानमा उल्लेखित उद्देश्य पूर्तिका लागि गर्नुपर्ने सबै काम गर्ने गराउने।

ख) संघको कार्य संचालनार्थ  आवश्यकता अनुसार समिति उपसमिती तथा आयोगहरुको गठन गर्ने, विघटन गर्ने र काम, कर्तव्य र अधिकार निर्धारण गर्ने र संघको काम कार्वाहीमा समन्वयलाई प्रभावकारी रुपले संञ्चालन गर्ने गराउने।

ग) संघका कर्मचारीहरुको सेवा सम्बन्धि नियमावली, आर्थिक नियमावली तथा अन्य आवश्यक नियमहरु बनाई लागु गर्ने, गराउने।

घ) संघको चल अचल सम्पत्ति जोड्ने, सुरक्षित राख्ने, सदुपयोग गर्ने, गराउने।

ङ) संघको कार्य सुचारु क्रियाशिल रुपले संचालन गर्न संसोधित विधानको अधीनमा रही केन्द्रिय कार्यकारिणी समितिले आफ्नो आन्तरिक कार्यविधि निर्धारण गर्न सक्नेछ।

च) कुनै समिति, उपसमिति, आयोगहरुले गरेको निर्णयको हकमा केन्द्रिय कार्यकारिणी समितिले स्वीकृति प्रदान गरेपछि मात्र मान्यता प्राप्त हुनेछ।

## १६.१ जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकारः

क) जिल्ला कार्य समितिको भौगोलिक क्षेत्राधिकार निश्चित गर्ने।

ख) केन्द्रिय कार्यकारिणी समितिको निर्देशन र समन्वयमा संसोधित विधान बमोजिम संघको उद्देश्य प्राप्तिका लागि क्रियाशिल रहने।

जिल्ला कार्य समितिमा उपाध्यक्षले केन्द्रिय कार्यकारिणी समितिमा उपाध्यक्ष (कार्यक्रम, संगठन, महिला) ले गर्ने काम, कर्तव्य र अधिकार अनुसार काम गर्नुपर्नेछ। यस्तै जिल्ला सचिवले केन्द्रिय कार्यकारिणी समितीमा महासचिवको जस्तै काम, कर्तव्य र अधिकार अनुसार काम गर्नु पर्नेछ। जिल्ला सह-सचिवले केन्द्रिय सचिवको काम गर्नेछन्।

## १६.२ जिल्ला कार्य समितिको गठनः

क) जिल्ला कार्य समितिको गठन केन्द्रिय कार्यकारिणी समितिले स्वीकृति दिएपछि निम्नानुसार हुनेछ।

अध्यक्ष -१, उपाध्यक्ष -१, सचिव -१, सह-सचिव -१, कोषाध्यक्ष -१, सदस्य -४ (महिला-१, खुल्ला-३)

ख) जिल्ला कार्यसमितिको पदावधि ३ बर्षको रहनेछ।

ग) जिल्ला कार्य समितिले आवश्यकता अनुरुप २ जनासम्म सदस्य (महिला चलचित्र पत्रकारको प्रतिनिधित्व हुने गरी) मनोनित गर्न सक्नेछ। यस्तो मनोनयन केन्द्रिय कार्यकारिणी समितिले

जिल्ला कार्य समितिलाई गराउन पनि सक्नेछ । मनोनित सदस्यको हैसियत अन्य निर्वाचित सरह हुनेछ ।

### १६.३ केन्द्रिय प्रतिनिधिः

क) संघको तर्फबाट नेपाल पत्रकार महासंघमा प्रतिनिधित्व गराउनका लागि केन्द्रिय प्रतिनिधिको व्यवस्था गरिनेछ ।

ख) केन्द्रिय प्रतिनिधिको चयन नेपाल पत्रकार महासंघबाट तोकिए बमोजिमको संख्यामा निर्वाचन प्रक्रियाबाट हुनेछ ।

ग) जिल्ला कार्य समितिबाट केन्द्रिय प्रतिनिधीको चयन निर्वाचन प्रक्रियाबाट तोकिएको संख्यामा हुनेछ । जिल्लाका केन्द्रिय प्रतिनिधिले केन्द्रिय कार्यकारिणी समिति अन्तर्गत साधारण, विशेष र अधिवेशनमा जिल्ला कार्यसमितिको प्रतिनिधित्व गर्न पाउनेछन् ।

घ) जिल्ला कार्यसमितिका केन्द्रिय प्रतिनिधिले नेपाल पत्रकार महासंघको लागि संघको प्रतिनिधित्व पनि गर्न पाउने छन् ।

ङ) जिल्ला कार्यसमितिका तर्फबाट साधारण सभा र महाधिवेशनमा पर्यवेक्षकको रुपमा हरेक जिल्ला कार्यसमितिबाट २ जना सम्म प्रतिनिधि पठाउन सक्नेछन् ।

च) जिल्ला कार्यसमितिका पर्यवेक्षकहरु मध्ये आवश्यकता अनुसार संघको तर्फबाट नेपाल पत्रकार महासंघमा प्रतिनिधित्व पनि गराउन सकिनेछ ।

## परिच्छेद–५

### १७. केन्द्रिय कार्यकारिणी समितिको बैठकः

क) केन्द्रिय कार्यकारिणी समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

ख) बैठकको अध्यक्षता संघका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा संघका वरियताका उपाध्यक्षले गर्नेछन् ।

ग) बैठक अध्यक्षको निर्देशन अनुसार महासचिवले बोलाउनेछन् ।

घ) बैठक बोलाउँदा सदस्यहरुलाई एक हप्ता अगावै जानकारी दिनुपर्दछ । सकभर बैठकमा छलफल हुने विषयहरु(प्रस्ताव) पनि उल्लेख गर्नुपर्दछ । तर गणपुरक संख्या नपुगी अर्को बैठक बोलाउनुपर्दा ४ दिनको म्यादले पुग्नेछ ।

ङ) केन्द्रिय कार्यकारिणी समितिको बैठकमा ५० प्रतिशत भन्दा बढिको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ । गणपुरक संख्या नपुगिएकोमा अर्को बैठकमा २५ प्रतिशत भन्दा बढिको उपस्थिति भएमा गणपुरक संख्या भएको मानी बैठक संचालन गरिनेछ ।

## परिच्छेद–६
## केन्द्रिय कार्यकारिणी समितिका पदाधिकारी एंव सदस्यको काम कर्तव्य र अधिकारः

### १८. अध्यक्षको काम कर्तव्य र अधिकारः

अध्यक्षले संघका उद्देश्यहरु पूर्ति गर्ने प्रमुख व्यक्तिको रुपमा संघको बैठकहरुको अध्यक्षता गर्ने, संघको प्रतिनिधित्व गर्ने, गराउने तथा निर्देशन दिने समेत अन्य कामहरु गर्नेछन् ।

### १९. उपाध्यक्षको काम कर्तव्य र अधिकारः

क) उपाध्यक्ष संगठनः संघको संगठन सवल बनाउन योगदान पुऱ्याउने । अध्यक्षले तोकेको कामको जिम्मेवारी लिने र अध्यक्षलाई सहयोग साथ दिने ।

ख) उपाध्यक्ष कार्यक्रमः संघको उद्देश्य अनुसार कार्यक्रम निर्धारण गर्ने, कार्यन्वयन गराउने, अध्यक्षले तोकेको जिम्मेवारी लिने र अध्यक्षलाई साथ, सहयोग दिने ।

ग) उपाध्यक्ष महिलाः संघको संगठन सुदृढ गर्न, कार्यक्रम ल्याउन एंव महिलाहरुलाई संघबाट उत्प्रेरीत गरी पत्रकारितामा सक्रिय गराउन भुमिका खेल्ने । महिला पत्रकारका विषयमा विविध कार्यक्रम ल्याउने

घ) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोके अनुसार अध्यक्षता गर्ने ।

ङ) अध्यक्षले नतोकेको स्थितिमा कार्यकारिणी समितिले निर्णय गरेर एकजना उपाध्यक्षलाई संघको अध्यक्षता गराउन सक्नेछ अथवा अध्यक्षले संघको अध्यक्षता गर्न नसकेको अवस्थामा वरियताले जेष्ठ उपाध्यक्षले संघको अध्यक्षता गर्नेछ ।

## २०. महासचिवको काम कर्तव्य र अधिकारः

क) अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।

ख) अध्यक्षको निर्देशनमा संघलाई प्रतिनिधित्व गर्दै प्रचार गर्ने गराउने ।

ग) संघको दैनिक प्रशासनिक कार्यको नियन्त्रण र निर्देशन दिने ।

घ) संघको कार्य, प्रगती विवरण बैठकका लागि तयार गर्ने गराउने ।

ङ) स्वीकृत कार्यक्रम तथा बजेट अनुसार कार्यक्रमको संचालन गर्ने गराउने ।

च) बैठकमा निर्णयहरुको अभिलेख तयार पर्ने र सुरक्षित राख्ने ।

छ) संसोधित विधानको अधीनमा रही केन्द्रिय कार्यकारिणी समिति वा साधारण सभाले निर्देशन गरेका अन्य काम गर्ने गराउने ।

## २१. सचिवको काम कर्तव्य र अधिकारः

क) महासुचिवको अनुपस्थितिमा सोही काम गर्ने

ख) महासचिवले दिएको जिम्मेवारी लिने र तोकिएको काम गर्ने

## २२. कोषाध्यक्षको काम कर्तव्य र अधिकारः

क) संघको आम्दानी र खर्चको हिसाब राख्ने, राख्न लगाउने ।

ख) संघको जिन्सी र चल सम्पत्तिको लागत राख्ने, राख्न लगाउने ।

ग) संघको सम्पत्तिको हेरचाह र सदुपयोगको प्रबन्ध मिलाउने ।

घ) संघको असुल गर्नुपर्ने शुल्क असुल गर्न तदारुकता अपनाउने ।

ङ) संघको आर्थिक योजना तर्जुमा गर्ने र त्यसलाई कार्यन्वयन गर्ने, गराउने ।

च) संघको आर्थिक प्रतिवेदन तयार पारी केन्द्रिय कार्यकारिणी समितिद्धारा पारित गराई सभामा पेश गर्ने, गराउने ।

छ) संघको प्रत्येक बर्ष आय-व्यको लेखा परिक्षण गर्ने गराउने ।

## २३. सह-कोषाध्यक्षको काम कर्तव्य र अधिकारः

क) कोषध्यक्षको अनुपस्थितिमा कोषध्यक्षको काम गर्ने ।

ख) कोषध्याले दिएको जिम्मेवारी लिने र तोकिएको काम गर्ने ।

## २४. कोषको प्रबन्धः

संघको आफ्नो कोष हुनेछ । जसमा निम्नानुसार रकम जम्मा हुनेछ ।

क) सदस्यता, नविकरण लगायतका शुल्कहरु ।

ख) संघलाई नेपाल सरकार, कुनै संस्था वा व्यक्ति वा अर्न्राष्ट्रिय निकायबाट प्राप्त अनुदान तथा सहयोगबाट प्राप्त हुने रकम

ग) संघको प्रकाशनबाट हुने आम्दानी

घ) संघले उठाएका अन्य शुल्कहरु

ङ) संघले कोष बृद्धिका लागि गरेका कार्यक्रमबाट प्राप्त रकम ।

च) संघका अन्य आर्जनहरु

## २५. कोषको संचालनः

क) कोषको रकम संघको नाममा बैंकमा खाता खोली राखिनेछ । तर भैपरी खर्चको हकमा कार्यसमितिमा निहित हुने गरी कार्यसमितिकै निर्णयमा बढीमा ५,०००/- (पाँच हजार) सम्म खर्च रकम राख्न सकिनेछ ।

ख) कोषको खाता संचालन केन्द्रिय कार्यसमितिको निर्णय अनुसार हुनेछ ।

## २६. संघको सम्पत्तिः

निम्नानुसार रकमहरु संघको सम्पत्ति मानिनेछ ।

क) संघको कोषमा जम्मा भएको नगद रकम ।

ख) संघले आर्य आर्जन गरेको अन्य नगदी वा जिन्सी सामानहरु

ग) संघले आर्जन, निर्माण गरेको घर, जग्गा, मेशिन, औजार तथा सम्पूर्ण भौतिक र बौद्धिक साधनहरु ।

घ) संघको सम्पत्तिको नगद तथा जिन्सी रकमहरुको छुट्टाछुट्टै लेखा राखी अध्यावधिक गराई राख्नुर्नेछ ।

## २७. लेखा परिक्षणः

क) संघको साधारण सभाको महाधिवेशन वा केन्द्रिय कार्यकारिणी समितिद्धारा नियुक्त नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरीक्षकद्धारा लेखा परीक्षण गराउनुपर्नेछ ।

ख) लेखापरीक्षकद्धारा लेखा परीक्षण भईसकेपछि केन्द्रिय कार्यकारिणी समितिमा लेखा परीक्षणको प्रतिवेदनमाथि छलफल गरी त्यसको प्रतिवेदनसहित आय-व्यवको विवरण कार्यकारिणी समितिले साधारण सभामा पेश गर्नुपर्नेछ ।

ग) लेखा परीक्षण प्रतिवेदन प्रत्येक बर्ष स्थानीय अधिकारीसमक्ष पेश गरिनेछ ।

## परिच्छेद–७
## निर्वाचन प्रणालीः

२८. निर्वाचन समितिः

क) संघको निर्वाचन हरेक ३/३ बर्षमा संघको महाधिवेशनमा हुनेछ ।

ख) निर्वाचनमा संघको केन्द्रिय कार्यकारिणी समिति र केन्द्रिय प्रतिनिधिको निर्वाचन गरिनेछ ।

ग) जिल्ला कार्यसमितिको निर्वाचन केन्द्रिय महाधिवेशनको ३० दिन अगावै सम्पन्न हुनुपर्दछ ।

घ) जिल्ला कार्यसमितिले केन्द्रिय अधिवेशनका लागि प्रतिनिधिको नामावली तत्कालै केन्द्रिय कार्यकारिणी समितिमा दर्ता गराउनु पर्दछ ।

ङ) निर्वाचनका लागि केन्द्रिय कार्यकारिणी समिति र जिल्ला कार्यसमितिले एक महिना अघि नै तीन सदस्य रहेको (एक संयोजक सहित) निर्वाचन समिति गठन गर्नेछ ।

च) निर्वाचन गोप्य मतदान प्रक्रियाबाट हुनेछ ।

छ) निर्वाचनमा उम्मेद्वारहरुले बराबरी मत प्राप्त गरेमा गोलाप्रथाद्धारा निर्वाचन परिणाम तय गरिनेछ ।

ज) निर्वाचनमा संघका सबै साधारण सदस्यले सहभागी हुन पाउने छन् । जिल्ला कार्यसमितिमा आफ्नो जिल्ला कार्यसमिति अन्तर्गत र केन्द्रिय कार्यकारिणी समितिमा केन्द्रिय कार्यकारिणी समिति अन्तर्गत रहेका साधारण सदस्यहरु सहभागी हुनेछन् ।

२९. कार्यकारिणी समितिः

क) साधारण सदस्यको नाम स्थान्तरण केन्द्रिय कार्यकारिणी समिति तथा जिल्ला कार्य समितिले तोकेर समयमा तोकिएको प्रक्रियामा हुन सक्नेछ । सम्बन्धित समितिलाई यसको निर्णय गर्ने अधिकार दिईनेछ ।

३०. उम्मेद्वारीः

क) केन्द्रिय कार्यकारिणी समितिमा अध्यक्षका लागि कम्तीमा एक कार्यकाल कार्यसमितिमा रहेको वा ६ बर्षसम्म निरन्तर सदस्य रहेको व्यक्ति हुनुपर्नेछ ।

ख) संघको केन्द्रिय कार्यकारिणी समितिको अध्यक्ष दुईपटक भन्दा बढि अवधिका लागि उम्मेद्वार हुन पाउने छैन ।

ग) जिल्ला कार्यसमितिको लागि पहिलो पटक यो लागु हुने छैन । दोश्रो पटक देखि यसै अनुरुप हुनेछ ।

घ) मानार्थ सदस्य कुनै पनि पदमा उम्मेद्वारी हुन पाउने छैन ।

३१. मतदान/मतदाताः

क) अधिवेशनमा निर्वाचन प्रक्रियाका लागि केन्द्रिय कार्यकारिणी समिति र जिल्ला कार्य समितिले निर्णय गरे अनुसारको मतदाता नामावली नै अन्तिम मतदाता नामावली मानिनेछ ।

ख) मतदाता नामावलीमा केन्द्रिय अधिवेशनमा साधारण सदस्य (नयाँ र नविकरण भएका), मानार्थ सदस्य, जिल्ला कार्य समितिमा केन्द्रिय प्रतिनिधि अध्यक्ष समावेश हुनेछन् ।

ग) मतदानमा एक व्यक्ति एक मत र मतदाताको उपस्थितीमा मात्र मतदान गरिनेछ ।

घ) मतदान प्रक्रिया निर्वाचन समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद–८
## सचिवालय

३२. कार्यकारिणी/कार्यसमिति भंगः

क) केन्द्रिय कार्यकारिणी समिति तथा जिल्ला कार्य समिति सम्बन्धित समितिका ५१ प्रतिशत सदस्यले लिखित राजीनामा सम्बन्धित समितिमा पेश गरेमा उक्त समिति भंग हुनेछ।

ख) केन्द्रिय कार्यकारिणी समिति भंग भएको अवस्थामा पूर्व अध्यक्षहरु र मानार्थ सदस्यहरुको ५ सदस्यीय विशेष समिति गठन गरिनेछ (एक संयोजक सहित)।

ग) विशेष समिति भंग हुनु अघि केन्द्रिय कार्यकारिणी समितिले गठन गर्नुपर्नेछ। सो नभएमा ५१ प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थितिमा विशेष भेलाले गर्नेछ।

घ) विशेष समितिले ३ महिना भित्रमा विशेष साधारण सभा, अधिवेशन गरेर नयाँ केन्द्रिय कार्यकारिणी समिति गठन गर्नेछ।

ङ) विशेष समितिको काम, कर्तव्य र अधिकार केन्द्रिय कार्यकारिणी सरह हुनेछ।

च) जिल्ला कार्य समिति भंग गर्ने र नयाँ कार्य समिति गठन गर्ने अधिकार केन्द्रिय कार्यकारिणी समितिको निर्णय अनुरुप हुनेछ।

३३. पदपूर्तिः

क) केन्द्रिय कार्यकारिणी समिति र जिल्ला कार्य समितिमा कुनै पद रिक्त हुन गएमा सम्बन्धित समितिको निर्णय अनुरुप बाँकी अवधिका लागि पदपूर्ति गर्न सकिनेछ।

ख) केन्द्रिय कार्यकारिणी समितिको अध्यक्षको पद रिक्त हुन गएमा समितिको निर्णय अनुरुप उपाध्यक्ष मध्येबाट एक जनालाई बाँकी अवधिका लागि अध्यक्ष चयन गर्न सकिनेछ।

ग) जिल्ला कार्य समितिको अध्यक्षको पद रिक्त भएमा केन्द्रिय कार्यकारिणी समितिले जिल्ला कार्यसमितिको समन्वयमा निर्णय गरेर पदपूर्ति गर्नेछ।

३४. पद रिक्त हुने अवस्थाः

क) राजीनामा दिएमा

ख) मृत्यु भएमा

ग) फौजदारी मुद्धा प्रमाणित भएमा

घ) अविश्वासको प्रस्ताव पारित भएमा

३५. संघको कार्यालयः

क) संघको मूख्य कार्यालय तथा कार्य संचालन सचिवालय कामनपा वडा नं. ३० डिल्ली बजारमा हुनेछ। जिल्ला शाखाहरु निर्धारण गरिएको भौगोलि क्षेत्रभित्र रहनेछ।

ख) महासचिव तथा सचिवको सहयोगको लागि केन्द्रिय कार्यकारिणी समितिले कार्यालय सचिवको नियुक्ती गर्न सक्नेछ। त्यस्ता कार्यालय सचिवको नियुक्ती तथा सेवाको शर्त कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

ग) संघको लागि आवश्यक अन्य कर्मचारीको नियुक्ती तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।

# परिच्छेद–९
# विविध

३६. व्याख्या गर्ने अधिकार:

क) संघको संसोधित विधानको व्याख्या गर्ने अधिकार केन्द्रिय कार्यकारिणी समितिलाई हुनेछ ।

ख) यस संघ नेपाल पत्रकार महासंघको एसोसिएट सदस्य संस्था भएकोले विधानको व्याख्या सम्बन्धि सल्लाह आवश्यकता अनुसार महासंघसंग पनि लिन सकिनेछ ।

३७. अविश्वासको प्रस्ताव:

क) संघको कुनै पनि पदाधिकारी वा सदस्यका विरुद्ध साधारण सभाका सदस्यको कम्तीमा ३३ प्रतिशत सदस्यहरुले कारण खुलाई हस्ताक्षर गरी संघको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् ।

ख) त्यस्तो प्रस्ताव दर्ता भएपछि केन्द्रिय कार्यकारिणी समितिले बढीमा ३५ दिनभित्र विशेष साधारण सभा बोलाई पेश गर्नुपर्नेछ ।

ग) त्यस्तो अविश्वास सम्बन्धी प्रस्ताव कूल साधारण सभाका सदस्यहरुको दुई तिहाई बहुमतले पारित भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ । तर निजहरुलाई सफाई दिन अवसर दिईनेछ ।

घ) अध्यक्ष उपर अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा त्यस्तो विशेष साधारण सभाको अध्यक्षता उमेरको जेष्ठताको क्रमअनुसार उपाध्यक्षले गर्नेछ ।

३८. लिखितको प्रमाणिकरण:

क) संघको तर्फबाट गरिदिनुपर्ने तमसुक, सम्झौता, कबुलियत र अधिकारपत्र इत्यादि लिखितमा केन्द्रिय कार्यकारिणी समितिले अधिकार दिएको व्यक्तिले संघको तर्फबाट सहिछाप गर्नेछ र त्यस्तो लिखित संघको तर्फबाट भएको मानिनेछ ।

ख) संघ एक अविछिन्न उत्तराधिकारवाला स्वसाशित एंव सांगठनिक संस्था हुनेछ ।

ग) संघले आफ्नो नाममा चल-अचल सम्पत्ति प्राप्त गर्न राख्न आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकता अनुसार आफ्नो स्वामित्व कुनै किसिमको हस्तानतरण गर्न सक्नेछ ।

घ) संघको आफ्नो तथा आफ्नो सदस्यहरुको हक-हितको संरक्षण, सम्बर्धन तथा प्रबर्धनका लागि आवश्यकता अनुसार यो संसोधित विधान र प्रचलित कानुनका अधीनमा रही आवश्यक कारबाही गर्न गराउन सक्नेछ ।

ङ) संघले कसै उपर नालिस उजुर गर्न सक्नेछ ।

च) संघले आफ्नो कार्य संचालनका लागि अनुसुची १ बमोजिमको आफ्नो छाप वा प्रतिक चिन्ह प्रयोग गर्न सक्नेछ ।

३९. उत्तरादायित्व:

संघका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरुले संघको कामकाज गर्दा बद्नियतपूर्ण काम कारबाही गरेको वा संघलाई हानी-नोक्सानी पुऱ्याएको व्यक्तिगत रुपले जवाफदेही हुनुपर्नेछ ।

४०. विधानमा संसोधनः

क) साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरेमा यस विधानमा आवश्यकताअनुसार संसोधन गर्न सकिनेछ। यसरी संसोधन गरिएको विधान स्थानीय अधिकारीको स्वीकृति प्राप्त पछि मात्र लागु गरिनेछ।

ख) विधान संसोधन सम्बन्धमा मतदान गनुपर्ने स्थितिमा मतदाताको सिमितताको सम्बन्धमा धारा-१० बमोजिम हुनेछ।

४१. निर्देशनको पालनाः

क) संघले आफ्नो सदस्यहरुलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

ख) संघको निर्देशन पालना नगरेमा कुनैपनि सदस्यलाई संघबाट निश्चित अवधिका लागि निलम्बन र निष्कासन पनि गर्न सकिनेछ।

ग) संघको कुनै पनि सदस्यलाई कुनै कार्वाही गर्नु अघि स्पष्टिकरणको मौका दिइनेछ। स्पष्टिकरण सन्तोषप्रद नभएको निर्णय केन्द्रिय कार्यकारिणी समिति र जिल्ला कार्यसमितिले गरेमा मात्र कार्वाही प्रक्रिया अघि बढाइनेछ।

४२. निवर्तमान अध्यक्षः

क) निवर्तमान अध्यक्ष केन्द्रिय कार्यकारिणी समिति र जिल्ला कार्यसमितिमा स्वतः समावेश हुनेछन्।

ख) निवर्तमान अध्यक्षको हैसियत अध्यक्षपछि दोश्रो स्थानमा रहनेछ। तर संघको केन्द्रिय कार्यकारिणी समिति र जिल्ला कार्य समितिको बैठकको अध्यक्षता भने गर्ने छैनन्।

ग) केन्द्रिय कार्यकारिणी र जिल्ला कार्य समितिमा सल्लाहकारको भुमिकामा रहने निवर्तमान अध्यक्षको बैठकमा मतदान अधिकार रहने छैन।

४३. उपाधि तथा सम्मान दिनेः

क) केन्द्रिय कार्यकारिणी समितिले उपयुक्त ठहऱ्याएका व्यक्ति, संस्था वा कर्मचारीलाई उचित उपाधि तथा सम्मान प्रदान गर्न सकिनेछ।

ख) यसरी प्रदान गरिने उपाधि तथा सम्मान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. सजायँः

यस संघको सदस्य वा पदाधिकारीले संसोधित यो विधान प्रतिकुल हुने कुनै कार्य गरेको ठहरे निजले प्राप्त गरेको पद र सदस्यताबाट समेत हटाउन सकिनेछ। त्यसरी हटाउँदा अर्थात सजायँ तोक्दा सम्बन्धित व्यक्तिलाई सफाईको मौका प्रदान गरिनेछ।

४५. संघको विघटनः

कुनै पनि कारणले संघको विघटन भएमा संघको सम्पूर्ण सम्पत्ति नेपाल सरकारमा सर्नेछ।

४६. निष्क्रियता:
संसोधित विधानमा जे लेखिएको भएता पनि प्रचलित कानुनसंग बाझिएमा हदसम्म स्वतः निश्क्रिय हुनेछ ।

४७. खारेजी र बचाउः
संसोधित विधान लागु हुँदा कायम रहेको कार्यसमितिले आफ्नो अवधि पुरा नहुँदासम्म चलचित्र पत्रकार संघको कार्यकारिणी समितिमा रुपान्तरित भई कार्य संचालन गर्नेछ र यो कार्य समितिबाट भए, गरेका सम्पूर्ण काम कुराहरु यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

४८. **संघको छाप र चिन्हः**
प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी यस संस्थाको कार्य संचालनका निम्ति एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै सस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ । जसमा कलम र रिलमा संस्थाको नाम सहित कार्टुन रहनेछ ।

४९. **शपथ ग्रहण :**
म ......................................, चलचित्र पत्रकार संघ नेपालका सम्पूर्ण सदस्य र प्रकृतिलाई साँक्षी राखी यो शपथ ग्रहण गर्दछु की, चलचित्र पत्रकार संघ नेपालको विधान र नेपालको अन्य प्रचलित कानुन बमोजिम संघको ................................ पदमा रहँदा विधानले निर्देशित गरेको काम, कर्तव्य र अधिकारको अधिनमा रही आफ्नो जिम्मेवारी पूर्ण ईमान्दारी र निष्ठापूर्वक पालना गर्नेछु । साथै संस्थाको पदमा रहँदा वा नरहँदा समेत संस्थालाई अहित र कुभलो हुने कुनै पनि प्रकारको कृयाकलाप गर्ने छैन भनि प्रण गर्दछु । जय चलचित्र पत्रकार । जय चलचित्र पत्रकार संघ नेपाल ।

नाम :

पद :

हस्ताक्षर :